# तपाईंको परिवारको हेरविचार गर्ने सबै भन्दा राम्रो तरिका के हो?

## आफ्नै हेरविचार गरेर!



**नियमित स्वास्थ्य जाँचले तपाईंलाई लामो र स्वस्थ जीवन बिताउन मद्दत गर्दछ।**



रोगहरु तथा अवस्थाहरू जस्तै क्यान्सरको **प्रारम्भिक पहिचानले, जीवनको संभावना बढाउन र गम्भीर जटिलताहरू कम गर्न सक्छ**





अष्ट्रेलियामा तीन राष्ट्रिय जाँच कार्यक्रमहरू छन्: **गर्भाशय जाँच; बाउल जाँच र स्तन जाँच**



कुनै पनि समय, यदि तपाईंको शरीरमा **कुनै पनि लक्षणहरू** वा कुनै बदलावहरु देखृ हुन्छ भने **- प्रतीक्षा नगर्नुहोस् - तपाईंको डाक्टर / जीपीकोमा जानुहोस्**

यदि तपाईलाई अंग्रेजीमा बुझ्न वा बोल्ने मद्दत चाहिन्छ भने व्यावसायिक दोभाषेहरू उपलब्ध छन्। कर्मचारीले तपाईंको लागि दोभाषे मिलाउन सक्दछ वा तपाईं ट्रान्सलेटिंग र इंटरप्रेटर सर्विस (टीआईएस) लाई 131 450 मा फोन गर्न सक्नुहुन्छ।


# गर्भाशय जाँच

गर्भाशय जांच **२५ वर्ष अधिक उमेरको** महिलाहरुका लागि गर्भाशयको स्वास्थ्य जांचको लागि हो।

यदि तपाईं चाहनुहुन्छ भने, यो प्रक्रिया एक **महिला चिकित्सक / जीपी** वा **एक महिला नर्स**द्वारा गर्न सकिन्छ।

केही जीपीहरु र महिला स्वास्थ्य क्लिनिकहरूले **बिना कुनै शुल्कमा** गर्भाशय जाँच प्रदान गर्छन्।





# स्तन जाँच

स्तन जाँच (म्यामोग्राम) एक **एक्स-रे** हो जसले स्तनमा **प्रारम्भिक परिवर्तनहरू**को खोजि गर्दछ।

स्तन क्यान्सरको विकास गर्ने धेरै जसो महिलाहरुको **परिवारमा** यो रोगको **इतिहास हुँदैन।**

**ब्रेस्टस्क्रीन एनएसडब्ल्यूले ५० बर्ष भन्दा बढी उमेरका** महिलाहरुका लागि नियमित नि:शुल्क स्तन जाँच प्रदान गर्दछ।

# बाउल जाँच

बाउल जाँच **५० बर्ष भन्दा माथिका** पुरुष र महिलाहरुको लागि हो।

बाउल जाँच अन्तर्गत **घरमा गरिने** एक सरल, **नि:शुल्क** परीक्षण समावेश हुन्छ - सरकारद्वारा तपाईंलाई परीक्षण सामग्री पठाइएको छ - तपाईं परीक्षणलाई दिसाको नमूनाहरूसँग पूरा गर्नुहुनेछ र त्यसपछि परीक्षण किट प्रशोधनको लागि पठाउनुहोस् - यदि तपाईँलाई निर्देशनहरू बुझ्न **मद्दत चाहिन्छ** भने आफ्नो **डाक्टर / जीपीकोमा जानुहोस्**। यदि यिनीहरू **चाँडो भेटिएमा**, ९०% बाउल क्यान्सर **सफलतापूर्वक उपचार** गर्न सकिन्छ।



द्वारा अनुदान प्रदान गरिएको

NSW GOVERNMENT

cancer institute NSW

phn CENTRAL AND EASTERN SYDNEY

An Australian Government Initiative

Advance Diversity Services

NSW GOVERNMENT Health South Eastern Sydney Local Health District